नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

रुपन्देही

फोन/फ्याक्स नं. ०७१-५२४४७७
E-mail : deorupandehi@gmail.com

प.सं. ०७५/०७६
च.नं. १४२६

मिति २०७५।१२।६

जिल्ला स्थित सामुदायिक विद्यालय सबै,
रुपन्देही ।

विषयः आवस्यक कागजात पेश गर्ने सम्बन्धमा ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिक्षक व्यवस्थापन समन्वय शाखा) सानोठिमी, भक्तपुरको च.नं. १२८ मिति २०७५।११।२८ को निर्देशन सन्दर्भमा शिक्षक सेवा आयोगबाट शिक्षकको स्थायी पदपूर्तिका लागि प्रकाशित आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन नं. क्रमशः प्राथमिक तह, निम्न माध्यमिक र माध्यमिक तह १०१/०७३, १०२/०७३, १०३/०७३, २०१/०७३, २०२/०७३, २०३/०७३ र ३०१/०७३, ३०२/०७३, ३०३/०७३ को अन्तिम नतिजा प्रकाशन भैरहेको सन्दर्भमा शिक्षा ऐन २०२८ को नवौं संशोधनको दफा ११च. को उपदफा (९) मा भएको व्यवस्था बमोजिमका अस्थायी शिक्षकले स्थायी पदको लागि भएको विज्ञापनमा दरखास्त नदिएमा वा दिए पनि उक्त पदमा आयोगबाट नियुक्तिको लागि सिफारिस हुन नसकेका त्यस्ता शिक्षकलाई उपदफा (१) को खण्ड ख. को प्रतिबन्धात्मक वाक्यांश बमोजिम भएको विज्ञापनमा उम्मेदवार हुन दरखास्त दिने अन्तिम मिति (२०७४।१।१७) सम्मको अवधिलाई अधिक्तम बीस वर्ष मानी तोकिए बमोजिम सुविधा पाउने भनिएको र सोही ऐनको दफा ११च. को उपदफा (१०) को खण्ड (ख) बमोजिम विज्ञापनमा उम्मेदवार नहुने अस्थायी शिक्षक र त्यस्तो विज्ञापन बमोजिम लिइएको प्रतियोगितात्मक परीक्षामा छनौट हुन नसकेका अस्थायी शिक्षकहरुले ऐनको दफा ११च. को उपदफा ९ बमोजिमको सुविधा मागको लागि निवेदन सहित तपसिलमा उल्लेखित कागजात यथासिघ्र यस इकाईमा पेश गर्नु हुन अनुरोध छ । साथै उल्लेखित विज्ञापन बमोजिम लिइएको प्रतियोगितात्मक परीक्षामा छनौट हुन नसकेका तथा लिखित परीक्षामा समावेश नभएका अस्थायी शिक्षकहरुले शिक्षक सेवा आयोगद्धारा प्रकाशित अन्तिम नतिजाको मितिदेखि निजहरु स्वतः अवकास भएको मानिने शिक्षा ऐन २०२८ ( संशोधित सहित ) को दफा ११च. को उपदफा (१०) को व्यवस्था कार्यान्वयन गर्नु/गराउनु हुन समेत अनुरोध छ ।